नेपाल प्रहरी प्रधान कार्यालय
कार्य विभाग, स्मारक गुठी
"अच्युत - मिना अमर प्रहरी पुरस्कार " छनौट समितिको

सूचना

पूर्व प्रहरी महानिरीक्षक श्री अच्युतकृष्ण खरेलज्यूद्वारा मिति २०७७।०६।३० गतेमा स्थापित **"अच्युत - मिना अमर प्रहरी पुरस्कार"** अमर प्रहरीका जेहेन्दार **२ जना (१ छात्र/१ छात्रा)** सन्ततिहरुलाई नेपाल प्रहरी दिवस समारोहमा प्रदान गरिने हुँदा निम्न लिखित मापदण्ड भित्र पर्ने अमर प्रहरीका सन्ततिहरुको नामावली तथा अन्य कागजातहरु यस छनौट समितिको ईमेल ठेगाना (**smarakguthi@nepalpolice.gov.np**) मा १० दिन भित्र पठाउन हुन अनुरोध गरिएको छ।

(क) "अच्युत - मिना अमर प्रहरी पुरस्कार" तर्फ:-

छनौट विधि

१. कर्तव्यपालनको सिलसिलामा प्राणको आहुती दिने प्रहरी जवान देखि प्रहरी वरिष्ठ नायव निरीक्षक पदका अमर प्रहरीका सन्ततिहरु मध्येका अध्ययनरत जेहेन्दार सन्ततिहरु मात्र सहभागी हुन पाउने।

२. १/१ जना (छात्र/छात्रा) गरी २ जनालाई पुरस्कार प्रदान गरिने।

३. छनौट गर्दा कक्षा १ देखि स्नातकोत्तर सम्म अध्ययनरत अमर प्रहरीहरुका सन्ततिहरु मध्ये लब्धाङ्क पत्रको आधारमा उत्कृष्ट र जेहेन्दार छात्र/ छात्रा समावेश गरिने।

४. छनौट भएका अमर प्रहरीका **२ जना (१ छात्र/ १ छात्रा)** सन्ततिहरुलाई रु. ३०,०००।- (अक्षरेपी तीस हजार) का दरले नगद र प्रमाण-पत्रद्वारा सम्मानित गरिने।

आवश्यक कागजातहरु

१. निवेदन ।

२. नाता प्रमाणित पत्रको प्रतिलिपि ।

३. अध्ययनरत विद्यालयको अध्ययनरत तहको लब्धाङ्क प्रमाण पत्र र चारित्रिक प्रमाण पत्र।

४. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपी वा जन्म दर्ताको प्रमाणित प्रतिलिपि।

५. अमर प्रहरीको पेन्सन पट्टा तथा मृत्यु खाली पत्रको प्रतिलिपि।

६. नेपाल प्रहरी स्मारक गुठीबाट अमर प्रहरी घोषित भई अमर प्रहरीमा नाम समावेश भएको हुनु पर्ने।

७. सम्बन्धित विद्यार्थीको पासपोर्ट साईजको १ प्रति फोटो।

नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, स्मारक गुठी
"अच्युत - मिना अमर प्रहरी पुरस्कार"
छनौट समिति
मिति:- २०८३।०५।१६ गते